दार्मा गाउँपालिका बिपन्नता पहिचान कार्यविधि, २०८३

दार्मा गाउँपालिका, सल्यान

कर्णाली प्रदेश

नेपाल

दार्मा गाउँपालिका

स्थानीय राजपत्र

खण्ड -१०　　सङ्ख्या : २　　मिति : २०८३/०५/२२

भाग -२

दार्मा गाउँपालिका

गाउँकार्यपालिका स्वीकृत मिति :२०८३/०५/१७

प्रमाणिकरण मिति : २०८३/०५/२२

दार्मा गाउँपालिका बिपन्नता पहिचान कार्यविधि, २०८३

प्रस्तावनाः

नेपालको संविधानमा उल्लेखित मौलिक हक प्रचलन गर्ने राज्यको दायित्व अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड च बमोजिम विपन्न घरपरिवार पहिचान तथा सर्वेक्षण, तथ्यांक र सूचना संकलन तथा नियमन र व्यवस्थापन गरी गरिबी निवारण सम्बन्धी गाउँपालिकाको नीति र कार्यक्रम संचालन गर्नका लागि गाउँपालिका क्षेत्रका विपन्न तथा बेरोजगार नागरिकहरुको पहिचान गर्न कार्यविधि बनाई लागू गर्न बान्छनीय भएकोले सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी दार्मा गाउँपालिकाको गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेकोछ।

परिच्छेद — १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यबिधिको नाम बिपन्नता पहिचान कार्यविधि, २०८३ रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिवाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “बिपन्न” भन्नाले आर्थिक अवस्था कमजोर भएको, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न, शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने व्यक्ति वा परिवारलाई जनाउछ।

(ख) “बेरोजगार” भन्नालेः काम गर्ने उमेर पुगी काम गर्ने इच्छा हुँदाहुँदै पनि काम नपाएको ब्यक्तिलाई जनाउँछ।

(ग) “गाउँपालिका” भन्नाले दार्मा गाउँपालिकालाई सम्झनु पर्छ।

(घ)“गाउँपालिका अध्यक्ष” भन्नाले दार्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ड.)“उपाध्यक्ष” भन्नाले दार्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(च) “कार्यपालिका” भन्नाले दार्मा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(छ) “गाउँ सभा” भन्नाले दार्मा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(ज) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

परिच्छेद २

३. बिपन्नता पहिचानको आधारहरु :

(१) सामान्यतः विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछः

(क) आफनो नियिमित आम्दानीको श्रोत नभएको,

(ख) आफनो आम्दानीले आफू र आफनो परिवारमा सन्तुलित भोजन गर्न नपुग्ने,

(ग) आफ्नो घर बास नभएको वा भएपनि सामान्य र पर्याप्त नभएको,

(घ) कुनै प्रकारको सीप र क्षमता नभएको,

(ङ) शिक्षामा पहुँच नभएको, सामान्य लेखपढ भएको वा औपचारिक शिक्षा हासील गरे पनि दफा ४ बमोजिमको बर्गीकरण भित्र परी बेरोजगार भएको,

(च) प्रकोप वा उपचारका कारणबाट सम्पति सकिएको वा व्यापार व्यवसायबाट टाट पल्टिएको ब्यक्ति वा परिवार।

(छ) विपन्न मान्न नसकिने अन्य उपयूक्त आधार नभएको।

४. विपन्नताको वर्गीकरणः बिपन्तताको वर्गीकरण तपशिल बमोजिम हुनेः

(१) श्रेणी क : निम्नमध्यम बर्गीय विपन्न परिवार

(क) नियमित मासिक आम्दानी १० देखि १५ हजार रुपैयाँ सम्म भएको र ५ जनासम्म सदस्य भएको परिवार,

(ख) आफनो घरधुरी नम्वरी वा ऐलानी जग्गामा भई सामान्य प्रकारको ईटाको गाह्रो, टिनको छानो र शौचालयसहितको घर भएको,

(ग) ज्ञान सीप भएको तर दिंगो रोजगार नभएको

(घ) खर्चिलो औषधी नियमित सेवन गर्नुपर्ने सदस्य भएको परिवार

(ङ) आफुले उत्पादन गरेको अन्नले ९ महिनासम्म खान पुग्ने परिवार

(२) श्रेणी ख : निम्नवर्गीय विपन्न परिवार

(क) मासिक आम्दानी रु. बाह्र हजार सम्म भएको र ५ जनासम्म सदस्य भएको परिवार,

(ख) पर्याप्त खान लाउन नपुग्ने परिवार,

(ग) बालबच्चालाई शिक्षा दिन नसक्ने परिवार,

(घ) आफनो घर बसोवास भएपनि सामान्य अवस्थामा भएको,

(ङ) आफुले उत्पादन गरेको अन्नले ६ महिनासम्म खान पुग्ने परिवार

(३) श्रेणी ग : विपन्न परिवार

(क) परिवारको मासिक आम्दानी रु.आठहजार सम्म भएको (ख) परिवारमा दूई छाक पेटभरी खान र न्यूनतम क्यालोरी पुरा गर्न नसक्ने परिवार,

(ग) कुनै प्रकारको सीप नभएको

(घ) एक जनापनि १२ कक्षा उतिर्ण गरेको सदस्य नभएको परिवार

(ङ) आफुले उत्पादन गरेको अन्नले ३ महिनासम्म खान पुग्ने परिवार

४) श्रेणी घ : अतिविपन्न परिवार

(क) मासिक आम्दानी रु आठ हजारभन्दा कम भएको परिवार

(ख) दुई छाक खान पुग्ने अवस्था नभएको परिवार

(ग) लेखपढ नभएको वा एक जनापनि माध्यमिक तहको शिक्षा प्राप्त गरेको सदस्य नभएको परिवार

परिच्छेद — ३

विपन्न पहिचान प्रक्रिया एवं समिति सम्बन्धी व्यवस्था

५. बिपन्न पहिचान प्रक्रिया :

(१) बिपन्न परिवार पहिचान गर्न वडा समितिले टोल विकास संस्था वा कर्मचारी परिचालन गरी सम्भाव्य परिवारको विवरण अनुसूची १ अनुसारको ढाँचामा संकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलित फारामहरु जाँचबुझ गरी टोल विकास संस्थाले फाराम भर्ने व्यक्ति र परिवारको यथार्थ वस्तुगत विवरण एकिन गरी वडा समितिसमक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणहरु जाँचबुझ गरी सम्बन्धित वडा समितिले दफा ४ बमोजिम श्रेणीगत वर्गीकरण समेत गरी पहिचान भएका विपन्न परिवारको विवरण नगरपालिकामा पठाउनु पर्नेछ।

(४) नगरपालिकामा उपदफा (३) बमोजिम प्राप्त विवरणहरु नगरस्तरीय विपन्न पहिचान तथा व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गरी विपन्न परिवारको सूची तथा अन्य आवश्यक तथ्यांक र विवरण तयार गर्नेछ।

(५) बिपन्न तथा वेरोजगार छनोट गर्ने सिलसिलामा भर्नु पर्ने अनुसूची १ र २ बमोजिमका सर्वेक्षण फारामहरु सम्बन्धित व्यक्ति वा घरमुलीले आफ वा कर्मचारीको सहयोगमा भै री हस्ताक्षर गर्नु पर्नेछ।

६. समितिहरुको व्यवस्था :

(१) दफा ५ बमोजिम विपन्नता पहिचान सम्बन्धी कार्य गर्नको लागि देहाय बमोजिमका संयन्त्र र समितिहरु क्रियाशिल रहनेछन्।

(क) गाउँपालिका स्तरीय विपन्न पहिचान तथा व्यवस्थापन समिति

गाउँपालिका अध्यक्ष	संयोजक
गाउँपालिका उपाध्यक्ष	सदस्य
कार्यपालिका सदस्यमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको ३ जना सदस्य	
प्रमुख प्रशासकीय अधिकृत	सदस्य
सामाजिक विकास समितिको संयोजक	सदस्य
रोजगार संयोजक	सदस्य
सामाजिक विकास शाखाको प्रमुख सदस्य	सचिव

(ख) पालिका स्तरीय समितिको काम, कर्तब्य, अधिकार देहाय बमोजिम हुनेछ :

(१) बिपन्न परिवार पहिचान तथा छानबिन गर्ने ,

(२) बिपन्न परिवार पहिचान सम्बन्धी सूचना, तथ्यांक र विवरणहरुको अभिलेख ब्यवस्थित गर्ने,

(३) बिपन्न पहिचानका साथै तिनको ब्यवस्थापन र सम्भाव्य रोजगारीको योजना बनाई सुझाव सहित नगर कार्यपालिकामा पेश गर्ने,

(४) पालिका अध्यक्ष मार्फत कामको प्रतिवेदन गाउँसभामा पेश गर्ने,

(५) बिपन्न र बेरोजगारको श्रेणीगत वर्गीकरण गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(६) विपन्नता र वेरोजगारी न्यूनीकरण गर्ने सिलसिलामा प्रदेश सरकार, संघीय सरकार वा कुनै दातृनिकाय वा संघसंस्थासँग सम्पर्क, समन्वय र सहजीकरण गर्ने।

(७) विपन्न र वेरोजगार पहिचान र व्यवस्थापनको सिलसिलामा गरिने सर्वेक्षण, तथ्यांक संकलन तथा कार्यक्रम सञ्चालनको सिलसिलामा वडास्तरीय समितिलाई रायसुझाव प्रदान गर्ने, सहयोग र सहजीकरण गर्ने।

(ग) गाउँपालिकाको प्रत्येक वडामा देहायबमोजिमको वडास्तरीय विपन्नता पहिचान तथा व्यवस्थापन समिति रहनेछ।

सम्बन्धित वडाको वडा अध्यक्ष	संयोजक
सम्बन्धित वडाका गाउँकार्यपालिका सदस्य	सदस्य
वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य	सदस्य
टोल विकास संस्थाका अध्यक्षहरुमध्येबाट वडा अध्यक्षले तोकेको एकजना	सदस्य

सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

वडास्तरीय समितिले वडामा क्रियाशिल मान्यता प्राप्त राजनितिक दलका प्रतिनिधिहरुलाई बैठकमा आमनत्रण गर्न सक्नेछ ।

(घ) वडास्तरीय समितिको कामकर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) आफ्ना वडामा भएका विपन्न परिवार र वेरोजगार व्यक्तिहरुको पहिचान र छानविन गर्ने ।

(२) विपन्न पहिचान अभिलेख व्यवस्थित र अद्यावधिक गर्ने ।

(३) विपन्न पहिचानका साथै तिनको व्यवस्थापन र रोजगारीका लागि योजना बनाई पालिकास्तरीय विपन्न पहिचान तथा व्यवस्थापन समितिमा पठाउने ।

परिच्छेद — ४

छनोट र प्रमाणीकरण सम्बन्धी व्यवस्था

७. विपन्न तथा बेरोजगार छनोट तथा प्रमाणीकरणः

(१) दफा ५ बमोजिम तयार भएको विपन्न तथा वेरोजगारको विवरणको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । प्रमाणीकरण गरिएको अभिलेख प्रमुख प्रशासकीय अधिकृतले पालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्रमाणित भएका विपन्न परिवारलाई प्रमुख प्रशासकीय अधिकृतले रजिष्टरमा रेकर्ड राखी अनुसूची ३ बमोजिमको ढाँचामा परिचयपत्र उपलब्ध गराउनु पर्नेछ ।

३) झूठा विवरण दिई परिचयपत्र लिएको ठहर भएमा परिचयपत्र दिने अधिकारीले त्यस्तो परिचयपत्र रद्द गर्न सक्नेछन । यसरी परिचयपत्र रद्द गरिएको कारणसहित नगर प्रमुखलाई जानकारी गराउनु पर्नेछ । त्यस्तो परिचयपत्र रद्द गरिएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

४) यस दफा बमोजिम प्रदान गरिएको परिचयपत्र जारी भएका मितिले चार बर्ष मान्य हुनेछ ।

प्रत्येक ४ बर्षमा यस कार्यविधि बमोजिम विपन्न र वेरोजगारको विवरण अद्यावधिक गर्नु पर्नेछ ।

५) विपन्न पहिचान र प्रमाणीकरण भएका व्यक्ति वा परिवारलाई दिईने परिचयपत्रको ढाँचा अनुसूची ३ र परिचयपत्रको रङ्ग अनुसूची ४ मा उल्लेख भए अनुसार हुनेछ ।

परिच्छेद — ५

सेवा सुविधा सम्बन्धी व्यवस्था

८. सेवा सुविधा प्रदान गरिने :

(१) सामान्यत : विपन्न र बेरोजगार पहिचान भएका व्यक्ति वा परिवारलाई परिचयपत्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र प्राप्त गरेका विपन्न वा वेरोजगार परिवारलाई गाउँपालिकाले तपशिल बमोजिमको सेवा सूविधा प्रदान गर्न सक्नेछ ।

(क) स्वरोजगार सम्बन्धी तालिम र यथासम्भव रोजगारीको व्यवस्थापन,

(ख) दाल, चामल, तेल, पिठो, चिनी, गेडागुडी, नून र सावुन जस्ता दैनिक उपभोग्य खाद्य सामग्रीको लागि सहुलियत दरको राशन कार्डको व्यवस्था

(ग) स्थानीय अस्पतालमा सहुलियतमा उपचारको व्यवस्था

(घ) स्वास्थ्य बीमा गर्न लाग्ने शुल्कमा वर्गीकरण अनुसार पच्चीस देखि सतप्रतिशतसम्म अनुदान

(ड.) गाउँपालिका क्षेत्र बाहिरका अस्पतालमा सहुलियत दरमा उपचार गराउने, आर्थिक सहयोग वा सहयोगको लागि सिफारिस

(च) रोजगारीको लागि प्रदेश तथा संघमा पहल तथा सहजिकरण,

(छ) एक आर्थिक वर्षमा कम्तीमा १० जनालाई प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन

(ज) ब्यक्तिगत सीप र क्षमता बिकास सम्बन्धी तालिम,

(झ) गाउँपालिकाबाट लिईने सिफारीस दस्तुरमा छुट,

(ञ) बैदेशिक रोजगारमा जान इच्छुक भए समुहगत रुपमा निशुल्क तालिमको व्यवस्था

(३) उपदफा (२) मा उल्लेखित सेवा सुविधा गाउँ कार्यपालिकाको निर्णयअनुसार क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

९. कार्यविधिमा संशोधन :

(१) गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

(२) गाउँकार्यपालिकाले यस कार्यविधिका अनुसूचीहरुमा आवश्यक संशोधन वा थपघट गर्न सक्नेछ।

१०. बचाउ :

(१) यो कार्यविधि प्रारम्भ नभएसम्म नगरपालिकाबाट विपन्न र वेरोजगार सम्बन्धी भएगरिएका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित) विपन्न सर्वेक्षण फाराम

१. पारिवारिक विवरण

घर मुलीको नाम : ...., ठेगाना .... ।

क्र.सं.	नाम थर	जन्म मिति	नाता	पेशा	कैफियत

२. बसोवास रहेको घरको अवस्था :

क्र.सं.	घरको कोठा	संख्या	किसिम (गारो र छाना)	शौचालय	विद्युत	पिउने पानी	ईन्धन प्रयोग	कैफियत

३. जग्गा जमिनः

क्षेत्रफल :

किसिम : नम्बरी ÷ऐलानी ÷अर्काको जमिन घडेरी÷खेती योग्य

४. आम्दानीको स्रोत :

(क) मुख्य श्रोतः

(ख) सहायक ÷ अन्यः

(ग) नियमित ÷अनियमित

५. मुख्य खर्च हुने शिर्षक :

१.

२.

३.

४.

६. घरमुलीको बाबुको नाम .... बाजेको नाम.......................................

दार्मा गाउँपालिका बसाईँसरी आएको मितिः

दार्मा गाउँपालिका आउनु अघि बसोवास रहेको ठेगानाः

घरमुलीको पेशाः

उल्लेखित सबै विवरण म आफैले लेखे बताएको हुँ र सबै विवरण ठीक साँचो हो। झुठा ठहरे कानुन बमोजिम सहने बुझाउने छु भनी सही छाप गर्ने घरमुली निवेदकको नाम थर .... हस्ताक्षर...................................

अनुसुची २

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित) बेरोजगार पहिचान सर्वेक्षण फाराम

नाम थरः

जन्मस्थानः स्थाई ठेगानाः अस्थायी ठेगानाः

जन्ममितिः

शिक्षाः

आमाको नाम शिक्षा पेशाः

बाबुको नाम शिक्षाः पेशाः

(क) वेरोजगार हुनुको कारणः

१. काम नै नखोजेर

२. नजिकमा काम नपाएर

३. काम गर्ने सीप नभएर

४. अनुभवको कमीले

५. गर्दै गरेको काम छाडेर

६. प्रकोपको कारण ÷ बाढी÷ पहिरो÷ अन्य

७. कडा रोग लागेर

(ख) बानी व्यवहारजन्य र स्वास्थ्य सम्बन्धी कुराहरु

१. तास जुवा खेल्नु हुन्छ ?

२. मद्यपान गर्नु हुन्छ ?

३. लागु औषध सेवन गर्नु हुन्छ ?

४. तपाईलाई दृष्टिको समस्या छ ?

५. आन्तरिक रोगको समस्या छ ?

६. डिप्रेसन माईग्रेसन छ ?

७. मुटु रोग, क्यान्सर, मृगौला, कलेजो सम्बन्धी कुनै रोग छ ?

८. अन्य केहि भए :

(ग) सीप सिक्न चाहेको विषय :

उल्लेखित सबै विवरण म आफैले लेखे बताएको हुँ र सबै विवरण ठीक साँचो हो। झुठा ठहरे कानुन बमोजिम सहने बुझाउने छु भनी सही छाप गर्ने निवेदकको नाम थर .... हस्ताक्षर.....................................

अनुसूची ३

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

दार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय फारुलाचौर, सल्यान।

विपन्न परिचय पत्र

फोटो

नाम, थर :

ठेगाना :

शिक्षा :

परिवार संख्या :

विपन्तताको श्रेणी : ( )

परिचयपत्र मान्य हुने अवधि :

प्रमाणित गर्ने अधिकारीको

दस्तखतः

नाम, थर :

पदः

जारी मिति :

अनुसूची ४
(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

पहिचान र प्रमाणीकरण भएका विपन्न परिवारलाई दिईने परिचयपत्रको रङ्ग देहाय बमोजिम हुनेछ ।

निम्नमध्यम वर्गीय विपन्न परिवार (क) श्रेणी रंग — सेतो

निम्न वर्गीय विपन्न परिवार (ख) श्रेणी रंग — पहेलो

विपन्न परिवार (ग) श्रेणी रंग — निलो

अतिविपन्न परिवार (घ) श्रेणी रंग — रातो

आज्ञाले,
रेशम ओली
प्रमख प्रशासकीय अधिकृत